काठमाण्डौ र पोखराबाट दुईवटा पर्यटक बसहरू बिहान 7:00 बजे छुट्छन्। दुवै बसहरू मुङलिनमा भेटहुँदा काठमाण्डौबाट छुटेको बसले $1.05 \times 10^5$ मिटर र पोखराबाट छुटेको बसले $9.95 \times 10^4$ मिटर दुरी पार गर्दछ। दुवै बसले पार गरेको जम्मा दुरी कति हुन्छ ? वैज्ञानिक सङ्केतमा लेख्नुहोस्।



b) Convert a quinary number $324_5$ into decimal system. **[1]**
पञ्च आधार सङ्ख्या $324_5$ लाई दशमलव सङ्ख्यामा बदल्नुहोस्।

c) Are $\sqrt{64}$ and $2\sqrt{5}$ both irrational numbers? Write with reason. **[1]**

EDUCATENEPAL
www.educatenepal.com

के $\sqrt{64}$ र $2\sqrt{5}$ दुवै अनानुपातिक सङ्ख्या हुन् ? कारण सहित लेख्नुहोस्।

5. A hotel constructed a rectangular swimming pool of size $18m \times 10m$ within a circular garden with its diameter of 28 m.
एउटा होटलले व्यास 28 मिटर भएको गोलाकार बगैँचाभित्र 18 मि. x 10 मि. को एउटा पौडी पोखरी निर्माण गरेछ।




a) Write the formula to calculate area of a rectangle. **[1]**
आयतको क्षेत्रफल पत्ता लगाउने सूत्र लेख्नुहोस्।

b) Find the area of the circular garden including swimming pool. **[1]**
पौडी पोखरीसहित गोलाकार बगैँचाको क्षेत्रफल पत्ता लगाउनुहोस्।

c) Find the area of the garden excluding the swimming pool. **[2]**
पौडी पोखरीबाहेक बगैंचाको क्षेत्रफल पत्ता लगाउनुहोस् ।

d) Does 350 meter of wire suffice to fence the circular garden four times? Calculate it. **[1]**
उक्त गोलाकार बगैंचालाई चार पटक घेर्न 350 मिटर तार पर्याप्त होला ? गणना गर्नुहोस् ।

6. a) What should be the value of z, so that the value of $(x + y)^z$ is 1 ? **[1]**
z को मान कतिहुँदा $(x + y)^z$ को मान 1 हुन्छ ?

b) Simplify (सरल गर्नुहोस् ।): $\left(\frac{a+b}{a-b} - \frac{a-b}{a+b}\right) \times \frac{a^2-b^2}{4ab}$ **[2]**

7. Two equations are given as: $x + y = 6$ and $x - y = 2$.
दुई समीकरणहरू यसरी दिइएको छ ।

a) What are these form of equation called? **[1]**
यिनीहरूलाई कुन रुपका समीकरण भनिन्छ ?

b) Solve the equations by graphical method. **[2]**
यी समीकरणहरूलाई ग्राफ विधिबाट हल गर्नुहोस् ।

8. a) Find LCM of the given expressions: $x^2 - 6x - 16$ and $x^2 - 4$ **[2]**
दिइएका अभिव्यञ्जकहरूको ल.स. पत्ता लगाउनुहोस् ।

EDUCATENEPAL
www.educatenepal.com

b) What should be the value of x so that the value of $x^2 - 5x + 6$ becomes zero? Find it. **[2]**
x को मान कतिभए $x^2 - 5x + 6$ शुन्य हुन्छ ? पत्ता लगाउनुहोस् ।

9. In the given figure, two lines PQ and RS are intersected at V and W respectively by a transversal line TU.
दिइएको चित्रमा, दुई रेखाहरू PQ र RS क्रमश: विन्दुहरू V र W मा छेदक TU ले काटिएका छन् ।




a) Write any one pair of alternate angles. **[1]**
कुनै एकजोडा एकान्तर कोणहरू लेख्नुहोस् ।

Symbol No: ................................. 2082-11-04 **07:00am**

b) If $\angle WVX = x$, $\angle VWX = x + 10^\circ$ and $\angle VXW = 70^\circ$, find the value of x. [2]
यदि $\angle WVX = x$, $\angle VWX = x + 10^\circ$ र $\angle VXW = 70^\circ$ भए x को मान पत्ता लगाउनुहोस् ।

c) At what value of $\angle PVW$, the line PQ and RS become parallel? Write with reason. [1]
$\angle PVW$ को कुन मानमा PQ र RS समानान्तर हुन्छन् ? कारणसहित लेख्नुहोस् ।

10. a) Construct a rectangle PQRS in which QR = 6.4 cm, $\angle SQR = 30^\circ$ and diagonal QS = 8 cm. [3]
QR = 6.4 से.मि., $\angle SQR = 30^\circ$ र व्यास QS = 8 से.मि. भएको एउटा आयतको रचना गर्नुहोस् ।

b) In the given figure, ABCD is a rhombus.
दिइएको चित्रमा, ABCD एउटा समबहुभुज चतुर्भुज हो ।




i) What will be the value of $\angle AOB$ while diagonals AC and BD intersect at O ? [1]
व्यासहरू AC र BD विन्दु O मा काटिँदा $\angle AOB$ को मान कति हुन्छ ?

EDUCATENEPAL
www.educatenepal.com

ii) If AB = 10 cm and OA = 6 cm, find the length of BD. [2]
यदि AB = 10 से.मि. र OA = 6 से.मि. भए BD को लम्बाइ पत्ता लगाउनुहोस् ।

11. a) Vertices of a $\Delta DEF$ are D(2, 5), E(−2, 2) and F(4, 1). Find the co-ordinates of the vertices of image $\Delta D'E'F'$ reflecting on X-axis and sketch out both the triangles on the same graph paper.
एउटा त्रिभुज $\Delta DEF$ का शीर्षविन्दुहरू D(2, 5), E(−2, 2) र F(4, 1) छन् । X-अक्षमा परावर्तन गरी प्रतिविम्ब $\Delta D'E'F'$ को शीर्षविन्दुका निर्देशाकहरू पत्ता लगाउनुहोस् र दुवै त्रिभुजहरूलाई एउटै ग्राफमा खिच्नुहोस् । [3]

b) In the fig ure, PQR is an isosceles triangle. If PQ = PR and $\angle PSQ = 90^\circ$, prove that: $\Delta PSQ \cong \Delta PSR$ [2]
दिइएको चित्रमा, PQR एउटा समद्विबाहु त्रिभुज हो । यदि PQ=PR र $\angle PSQ=90^\circ$ भए $PSQ \cong \Delta PSR$ हुन्छ भनी प्रमाणित गर्नुहोस् ।

2082-11-04

07:00am




12. Marks of 10 students of Mathematics of grade eight are given below.
कक्षा आठका 10 जना विद्यार्थीहरूले गणितमा पाएको अङ्क तल दिइएको छ ।
30, 25, 42, 40, 45, 50, 46, 42, 42, 40

a) Find the mode from the above data. [1]
माथिको तथ्याङ्कबाट रीत पत्ता लगाउनुहोस् ।

b) Find the average mark from the above data. [1]
माथिको तथ्याङ्कबाट औसत अङ्क पत्ता लगाउनुहोस् ।

c) If the second mark 25 is corrected as 30, would there be any change in mode? Give your logic. [1]
यदि दोस्रो अङ्क 25 लाई सुधारेर 30 बनाइयोभने रीतमा कुनै परिवर्तन हुन्छ ? तपाईंको तर्क दिनुहोस् ।

सङ्केताङ्क नं.(Symbol No.): ........मिति: २०८२-११-०२ **७:०० बजे**

# प्याब्सन काठमाडौँ महानगर
# पूर्व आधारभूत शिक्षा परीक्षा-२०८२

**विषय: नेपाली** **पूर्णाङ्क : ५०**

**कक्षा: ८** **समय: २ घण्टा**

*दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :*

**सबै प्रश्नहरू अनिवार्य छन् ।**

**१. तल दिइएका अर्थसँग मिल्ने शब्द खोजेर खाली ठाउँमा लेख्नुहोस् :** (२)

(शुभारम्भ, पुलकित, वास्तुकला, बिजुवा)

क) ज्यादै खुसी भएको अवस्था ...............

ख) असल कामको थालनी ...............

ग) भवन निर्माण गर्ने शिल्प ..............

घ) किरात जातिको पुरोहित ..............

**२. कोष्ठकमा दिइएका सङ्केतअनुसार खाली ठाउँ भर्नुहोस् :** (२)

क) 'धरा'को पर्यायवाची शब्द ............ हो । (धरो, आकाश, पृथ्वी)

ख) 'उच्च'को विपरीतार्थी शब्द ........... हो । (निम्न, समुच्च, अग्लो)

ग) .......................... अनेकार्थी शब्द हो । (लुलो, ठेला, ढिलो)

घ) 'रुख'को लघुतावाची शब्द .......... हो । (पोथ्रो, कोक्रो, धोद्रो)

EDUCATENEPAL
www.educatenepal.com

**३. अर्थ स्पष्ट हुनेगरी वाक्यमा प्रयोग गर्नुहोस् :** (२)

नाक काट्नु, मतदान

**४. तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** (१)

अ) वेसभूषा वेशभूषा वेषभुसा वेसभूशा

आ) वनीवुतो वनीवुतो वनीवुतो वनीवुतो

**५. तलको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :** (२)

मेरी फुपुले मलाइ भन्नुभयो, भाई ! तिमी मसगै बजार हिँड ।

**६. रेखाङ्कित पदहरूको पदवर्ग छुट्याउनुहोस् :** (२)

उनी त डिलको ढुङ्गामा **बसेर** बदाम खाँदै आफ्नो अनुभव साथीहरूलाई सुनाउँदै थिए ।

**७. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भरी वाक्य पूरा गर्नुहोस् :** (२)

क) तिमी उता कहिले ........................ ? (जा : पूर्ण भूत काल)

ख) हामी पनि त्यतै ........................... । (आउ : सामान्य वर्तमान काल)

ग) पानी परेपछि काठमाडौँमा चिसो ............ । (बढ् : सम्भावनार्थ)

घ) तैँले पनि क्रिकेट प्रतियोगितामा भाग ......... । (लि : इच्छार्थ)

# Class 8 Nepali Kathmandu Metro Pre-Basic Education Examination Question 2082-PAB

मिति: २०८२-११-०२ **७:००बजे**

८. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा तलका वाक्य परिवर्तन गर्नुहोस् :** (३)

क) उसकी बहिनी त बिहानै गइसकिछिन् । (बहुवचन)

ख) उनीहरू चलचित्र हेर्दै थिए । (कर्मवाच्य)

ग) उनी त जोसित पनि चल्छिन् । (अकरण)

९. **तलका अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :** (३)

**साथीलाई** भए अरूले जे दिन्थे, मैले पनि सरसल्लाह गरेर त्यस्तै उपहार दिँदा हुन्थ्यो । किताब, ज्यामिति बक्स, खेलौना, भकुन्डो, क्याल्कुलेटर आदि उपहार मजिलैसित जुटाउन सकिन्थ्यो । यसपटक त मैले त्यस्तो केही पनि सम्झिन सकिरहेको छैनँ । हाम्रो परिवारमा यो उमेरका कसैको पनि जन्मोत्सव मनाएको मलाई सम्झना छैन । जन्मदिन मात्रै कहाँ हो र ! त्यस दिन हजुरआमाको चौरासी पूजा पनि त छ । मैले हजुरआमालाई आफ्ना तर्फबाट केही न केही स्मरणीय उपहार दिनैपर्छ ।

क) माथिको अनुच्छेदबाट उपसर्ग लागेर बनेको एउटा र प्रत्यय लागेर बनेको एउटा शब्द पहिचान गरी लेख्नुहोस् ।

ख) माथिको अनुच्छेदमा रेखाङ्कित शब्दको कारक र विभक्ति छुट्याउनुहोस् ।

ग) माथिको अनुच्छेदबाट एउटा समस्त शब्द र एउटा द्वित्व भई बनेको शब्द पहिचान गरी लेख्नुहोस् ।

EDUCATENEPAL
www.educatenepal.com

१०. **दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** (४)

बालबालिका शारीरिक तथा मानसिक रूपमा परिपक्व नहुने हुँदा उनीहरूलाई विशेष स्याहार, सुविधाको आवश्यकता पर्छ । उनीहरूलाई संरक्षण गर्नु, बाँच्नका लागि चाहिने आधारभूत कुराहरूको व्यवस्था गर्नु, शिक्षा प्रदान गर्नु, स्वास्थ्य सेवा पुऱ्याउनु, खेल, मनोरञ्जन र आराम गर्न दिनु, माया स्नेह दिनु, हेला दुर्व्यवहार र शोषणबाट जोगाउनुपर्छ । शान्ति, समझदारी र सुरक्षापूर्ण वातावरणमा असल शिक्षा हासिल गर्दै स्वस्थ भएर आफ्नो बाल्यकाल बिताउन पाउनु प्रत्येक बालबालिकाको नैसर्गिक अधिकार हो । बाल अधिकार भनेको बालबालिकालाई सामाजिक असुरक्षा, अशिक्षा, अवहेलना, तिरस्कार, शोषण र उत्पीडनविरुद्ध संरक्षण प्रदान गर्दै तिनको बालापन सुनिश्चित गर्नु हो । बालबालिका स्वयम्ले आफ्नो अधिकार लिन नसक्ने हुँदा उनीहरूको अधिकार संरक्षण गर्नु वयस्कहरूको दायित्व हो । सङ्क्षेपमा भन्नुपर्दा बाल अधिकार भनेको बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षण पाउने अधिकार र आफ्ना बारेमा गरिने नीति निर्माण र सामाजिक गतिविधिमा सहभागी हुन पाउने अधिकारको समष्टिगत रूप हो । सोहीअनुसार बाल अधिकारसम्बन्धी महासन्धि राज्य राज्यहरूबिचको एक सम्झौता पत्र पनि हो ।

**प्रश्नहरू**

क) किन बालबालिकालाई विशेष सुविधा आवश्यक पर्छ ?

ख) बाल अधिकार भनेको के हो ?

ग) बालबालिकाका नैसर्गिक अधिकारहरू के के हुन् ?

घ) कसरी बाल अधिकारको संरक्षण गर्न सकिन्छ ?

सङ्केताङ्क नं.(Symbol No.): ........मिति: २०८२-११-०२ ७:००बजे

**११. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् :** (४)

नेपालको वैदेशिक व्यापारमा प्रत्येक आर्थिक वर्ष व्यापार घाटा सहनुपरेको छ । मुलुकको अर्थतन्त्रका लागि यो गम्भीर विषय हो । नेपाली जनशक्ति विदेश पलायन हुनु तथा घरायसी उत्पादनमा मात्र सीमित हुनु समस्याको कुरा हो । निर्वाहमुखी कृषि उत्पादन, औद्योगिकीकरणप्रतिको निष्क्रियता, कच्चा पदार्थको आयात आदिका कारण पनि नेपालको वैदेशिक व्यापारमा चुनौती बढेको छ । विदेशी मुद्राको तुलनामा नेपाली मुद्राको अवमूल्यन हुनु नेपालको वैदेशिक व्यापार घाटाको प्रमुख कारण हो । नेपालको वैदेशिक व्यापार घाटा निराकरणका लागि आफ्ना जनशक्तिलाई स्वदेशमै रोजगारीको अवसर प्रदान गर्न सक्नुपर्छ । कपडा, जुत्ताचप्पल, कागज, खाने तेल जस्ता उपभोग्य वस्तुमा आत्मनिर्भर हुन सक्नुपर्छ । निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायीकरण र आधुनिकीकरण गर्नु अपरिहार्य छ ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :**

**क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत दिनुहोस् :** (३)

| | |
|---|---|
| नाम | : लेखनाथ पौड्याल |
| जन्म | : वि.सं. १९७१ साल पौष शुक्ल एकादशी, कास्की जिल्लाको अर्घौअर्चले |
| पितामाता | : दुर्गादत्त र वसुन्धरादेवी पौड्याल |
| शिक्षा | : घरमै शिक्षा आरम्भ गरेका, मध्यमासम्म उत्तीर्ण |
| पहिलो कविता | : शृङ्गारपच्चिसी र मनषाकर्षिणी |
| विशेषता | : नेपाली कवितालाई आधुनिक कालमा प्रवेश गराउने प्रथम आधुनिक कवि, परिष्कारवादी कवि, प्रकृतिको चित्रण गर्ने कवि |
| कृतिहरू | : लालित्य भाग १ र २ (कविता सङ्ग्रह), ऋतुविचार, बुद्धिविनोद, मेरो राम (खण्डकाव्य), तरुण तपसी (नव्यकाव्य) र भर्तृहरिनिर्वेद (नाटक) |
| मानसम्मान | : तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य, २००८ सालमा कविशिरोमणि उपाधिबाट सम्मानित |
| मृत्यु | : २०२२ तनहुँ, देवघाट । |

**ख) हाम्रो संस्कृतिका राम्रा पक्षहरू विषयमा कम्तीमा दुई जना पात्रबिच हुने संवाद तयार पार्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (३)

**क)** टोलमा देखिएका विभिन्न सामाजिक समस्याको समाधानका लागि आग्रह गर्दै टोलसुधार समितिका अध्यक्षलाई लेखिने निवेदनको नमुना तयार पार्नुहोस् ।

**ख)** जिल्लास्तरीय कविता प्रतियोगितामा प्रथम भएको आफ्नो साथीलाई दिइने बधाई पत्रको नमुना तयार पार्नुहोस् ।

EDUCATENEPAL
www.educatenepal.com

**१४. कुनै एकको भाव विस्तार गर्नुहोस् :** (३)

क) सग्लो स्वस्थ बनाउने सुर कसी पानी लगानी गरी
चम्काऊँ लटरम्म फूलफलले अस्तित्वको माधुरी ॥

मितिः २०८२-११-०२ **७:०० बजे**

ख) नेपालका कैयौं पदमार्ग प्राकृतिक, धार्मिक तथा ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण छन् ।

**१५. दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** (४)

संविधान देशको मूल कानुन हो । संविधानकै आधारमा अन्य सबै ऐन, कानुन बनेका हुन्छन् । यो कुरा मैले राम्ररी बुझेको छु । संविधानकै आधारमा नेपालभित्र मानव अधिकारका कुरा व्यवहारमा रहेको अनुभूति गरेको छु । मानव अधिकारका सम्बन्धमा मलाई गुरुहरूले समेत निकै कुरा बुझाउनुभएको थियो । यद्यपि अहिले मलाई संविधानभित्रका ती धेरै विषय थाहा छैनन् । मैले जानेका कुरा चाहिं यत्ति हुन्, 'संविधानको भाग ३ ले मानव अधिकार र बाल अधिकारका बारेमा व्यवस्था गरेको छ । संविधानकै धारा ३९ मा बालबालिकाको हकका बारेमा उल्लेख भएको छ । त्यस्तै राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा २ (च) ले मानव अधिकारको परिभाषासमेत प्रस्तुत गरेको छ । सोही ऐनमा मानव जीवन, स्वतन्त्रता, समानता र मर्यादाका विषय समेटिएका छन् । यसमा हामी सबै सचेत हुनुपर्छ ।

EDUCATENEPAL
www.educatenepal.com

**प्रश्नहरू**

क) संविधानलाई किन देशको मूल कानुन भनिएको हो ?

ख) मानव अधिकार र बाल अधिकारका विषय कहाँ व्यवस्था गरिएका छन् ?

ग) नेपालमा मानव अधिकार ऐन कहिले लागु भयो ?

घ) मानव अधिकार ऐनमा के कस्ता विषय समेटिएका छन् ?

**१६. कुनै एक प्रश्नको लामो उत्तर लेख्नुहोस् :** (५)

**क) दिइएको कथांश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :**

वंशु गुरुङलगायत गोरखाली सेना हतियारसहित पृथ्वीनारायण शाहकहाँ पुगे । उनले हातले केही हतियार सुमसुम्याए र वंशुलाई धाप मारेर प्रशंसा गर्दै भने, "मेरो सपना तिमीहरूले पूरा गर्‍यौ । यसको श्रेय तिमेर्कै हो ।" उनले सबैलाई विजयको प्रतीक रातो टीका लगाइदिए । सेना गोरखाको जय भन्दै ब्यारेकतिर लागे ।

**अ) पृथ्वीनारायण शाहको सपना कसरी साकार भयो ? माथिको कथांश र 'साकार सपना' कथालाई समेत आधार मानेर विश्लेषण गर्नुहोस् ।**

**ख) दिइएको यात्रा संस्मरणको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :**

गुम्बा निकै आकर्षक थियो । निमा टासी लामा गुम्बाका मूल लामा थिए । उनले भने, "भदौमा जात्रा लाग्छ । वरपरका सबै गाउँले यहाँ आइपुग्छन् धुइरिएर ।" चौंरी, भेडाच्याङ्ग्रा पालेर, आलु रोपेर, यार्चागुम्बा टिपेर यहाँका बासिन्दाको आम्दानी हुने कुरा पनि उनले बताए ।

**अ) माथिको अंश र 'से गुम्बाको सुन्दरता' पाठका आधारमा हिमाली क्षेत्रको जनजीवन तथा प्राकृतिक एवम् भौगोलिक अवस्थाको चर्चा गर्नुहोस् ।**

**१७. कुनै एक शीर्षकमा १२५ शब्दमा नघटाई निबन्ध लेख्नुहोस् :** (५)

क) मेरो जन्मभूमि

ख) सामाजिक सञ्जालको सदुपयोग

ग) वातावरण स्वच्छ राख्न विद्यार्थीको भूमिका

Symbol No: ........................ 2082-11-05 **07:00am**

# PABSON KATHMANDU METRO
# PRE-BASIC EDUCATION EXAMINATION-2081

**Subject: Science and Technology** **Full Marks: 50**

**Class: 8** **Time: 2 hrs.**

*Candidates are required to answer the questions in their own way words as far as practicable. Figures in the margin indicate the full marks.*

***Attempt all questions.***

**सबै प्रश्नहरू अनिवार्य छन् ।**

## Group A

**Multiple choice questions**

1. **Rewrite the correct answers to your answer sheet to the following questions** **(10×1=10)**

a) What should be done while performing a chemical reaction that produces fume?
धुँवा उत्पादन हुने रासायनिक प्रतिक्रिया गराउँदा दिइएकामध्ये के गर्नुपर्छ ?
i) chemical reaction should be carried out in the table.
रासायनिक प्रतिक्रिया टेबलमा गराउनुपर्छ ।
ii) Hand should be kept away. (हात टाढा राख्नुपर्छ)
iii) chemical reaction should be done on a stand.
रासायनिक प्रतिक्रिया स्ट्याण्डमा गराउनुपर्छ ।
iv) chemical reaction should be carried out in hood.
रासायनिक प्रतिक्रिया हुडमा राखेर गराउनुपर्छ ।

b) Which of the following explains about the following data?
दिइएको तथ्याङ्कले के व्याख्या गर्दछ ?
i) collection of data (तथ्याङ्क संकलन)
ii) survey of data (तथ्याङ्क सर्वे)
iii) analysis of data (तथ्याङ्क विश्लेषण)
iv) example of research data (अनुसन्धानको तथ्याङ्कको उदाहरण)




EDUCATE NEPAL
www.educatenepal.com

# Class 8 Science and Technology Kathmandu Metro Pre-Basic Education Examination Q

c) Which one of the following is most correct about the significance of biodiversity?

दिइएकामध्ये जैविक विविधताको महत्वसम्बन्धि सबैभन्दा मिल्ने कुन हो ?

i) Biodiversity helps in conservation of the environment and not for the long-term development.

जैविक विविधताले वातावरण संरक्षण गर्न सहयोग गर्छ तर दीर्घकालिन विकासमा सहयोग गर्दैन ।

ii) Biodiversity helps in conservation of the environment and sustainable development.

जैविक विविधताले वातावरण संरक्षण र दीर्घकालिन विकासमा गर्न सहयोग गर्छ ।

EDUCATENEPAL www.educatenepal.com

iii) Biodiversity helps in ecotourism but does not help in economy.

जैविक विविधताले इकोटुरिज्ममा सहयोग गर्छ तर आर्थिक लाभमा सहयोग गर्दैन ।

iv) Biodiversity helps the sustainable use of biological resources.

जैविक विविधताले जैविक स्रोतको दीर्घकालिन प्रयोगमा सहयोग गर्छ ।

d) Which of the following statement is related to the figure shown below?

दिइएकामध्ये चित्रसँग सम्बन्धित कथन कुन हो ?



i) It can be done only in non-flowering plant.

यो फूल नफुल्ने विरुवामा मात्र गर्न सकिन्छ ।

ii) Small cut pieces of both plants and animals can be taken for generating offspring.

विरुवा र जनावर दुवैको सानो टुक्रा लिएर अंकुरण गराउन सकिन्छ ।

iii) Whole part of the plant is taken for this process.

विरुवाको सबै भाग लिएर यो प्रक्रिया गराइन्छ ।

iv) Only a small piece of stem or branch of the parent plant is taken.

माउ विरुवाको डाँठ वा हाँगाको सानो भाग मात्र लिइन्छ ।

Symbol No: ...................... 2082-11-05 **07:00am**

e) What should be distance between BC in the following figure?

दिइएको चित्रमा BC को दुरी कति हुन्छ ?




i) 27 cm ii) 60 cm iii) 80 cm iv) 1,500 cm

f) The speed of a sound wave shown in the figure below is equal to 332 m/s. Which of the following is correct?

चित्रमा देखाइएको ध्वनिको गति 332 m/s छ भने दिइएकामध्ये उक्त चित्रसँग सम्बन्धित कुन हो ?




i) It is inaudible sound. (यो सुन्न नसकिने ध्वनि हो ।)

ii) It is audible sound. (यो सुन्न सकिने ध्वनि हो ।)

iii) It is infrasonic sound. (यो इन्फ्रासोनिक ध्वनि हो ।)

iv) It is ultrasonic sound. (यो अल्ट्रासोनिक ध्वनि हो ।)

g) If there are 3 bulbs each of power 80 W in a room used for 4 hours per day. Which of the following is the electricity bill to be paid for a month if the cost of one-unit electricity consumption is 10 rupees.

EDUCATENEPAL www.educatenepal.com

यदि एउटा कोठामा 80 w का 3ओटा चिमहरु दिनको 4 घण्टाको दरले प्रयोग गरिन्छन् । प्रति युनिट रु.10 का दरले एक महिनामा कति विद्युत महसुल तिर्नुपर्ला ?

i) Rs.200 ii) Rs.244 iii) Rs.288 iv) Rs.300

h) A student was fond of collecting the pictures of constellations and galaxies. He collected the picture of Milky way, Gemini and Cancer but was unable to distinguish. In which way you can help him.

एकजना विद्यार्थी तारामण्डल र तारापुञ्जको चित्रहरु जम्मा गर्न मन पराउँछ । उसले आकाशगंगा, मिथुन राशी र कर्कट राशीका चित्रहरु जम्मा गरे तर उसले छुट्याउन सकेकन् । तपाइले उसलाई कसरी सहयोग गर्न सक्नुहुन्छ ?

i) Saying all 3 are constellations. (तीनओटै तारामण्डल हो भनेर ।)

Symbol No: ...................... 2082-11-05 **07:00am**

## Group B

**Write very short answer of the following questions: (8×1=8)**

2. The PIN of ATM should be changed from time to time why?
एटिएमको पिन समय समयमा परिवर्तन गरिरहनुपर्छ, किन ?

3. A person regularly receives unwanted messages, photos and videos from another unknown person which causes his/her mental tension. Which type of cyber-crime is this?
एकजना मानिस अनावश्यक मेसेजहरु, फोटोहरु र भिडियोहरु अपरिचित व्यक्तिहरुबाट प्राप्त गरिरहन्छन् जसले गर्दा उनलाई मानसिक तनाव भैरहेको छ । यो कस्तो प्रकारको साइबर अपराध हो ?

4. What does H represent in the given figure?
चित्रमा H ले के जनाउँछ ?




5. Calculate the pressure exerted by the water tank of a height 2 m height at its bottom, if it is completely filled with water. (Density of water is 1000 kg/$m^3$)
2 m उचाइ रहेको भरिएको टङ्कीको पानीले पिँधमा लगाउने चाप निकाल्नुहोस् । (पानीको घनत्व 1000 kg/$m^3$)

EDUCATE NEPAL
www.educatenepal.com

6. Complete the ray diagram shown below, the image formed by a concave mirror.
कन्केभ ऐनामा बन्ने आकृतिको दिइएको अवस्थामा किरण रेखाचित्र पुरा गर्नुहोस् ।



7. A student has drawn the atomic structure of Potassium by keeping 2, 8 and 9 electrons respectively in K, L and M shells following $2n^2$ rule. Explain the mistake with one major reason.

   एकजना विद्यार्थीले $2n^2$ नियमको आधारमा क्रमशः K, L, M, सेलहरुमा 2 , 8, 9 इलेक्ट्रोन राखेर पोटासियमको संरचना खिचे । उनले गरेको एउटा मुख्य गल्ती व्याख्या गर्नुहोस् ।

EDUCATENEPAL
www.educatenepal.com

8. Write an effect of acid rain.

   अम्लवर्षाको एउटा असर लेख्नुहोस् ।

9. A laundry man finds his white clothes becoming dull while washing in well water. Give a suggestion to him to solve the problem.

   एकजना धोबीले इनारको पानीमा धोएको कपडा मलिन भएको पाए । उनको यो समस्या समाधानको लागि कुनै एउटा सुझाव दिनुहोस् ।

## Group C

**Write short answer of the following questions (8×2=16)**

10. Complete the following table

    दिइएको तालिका पुरा गर्नुहोस् ।

| SN | प्रतिक्रियारत पदार्थ Reactants | उत्पादित पदार्थ Products |
|---|---|---|
| 1. | Mg+ HCl | ...........A |
| 2. | $H_2SO_4$ + KOH | ...........B |

11. Write any two differences between bacteria and fungi.

    ब्याक्टेरिया र फन्जाई विच कुनै दुईओटा भिन्नताहरु लेख्नुहोस् ।

12. Due to the unplanned road construction, a village is suffering from landslide every year. Give any two suggestions to the local government to solve this problem.

    विनायोजना सडक निर्माणले एउटा गाउँले प्रत्येक बर्ष पहिरो जाने समस्या झेलिरहेको छ । उक्त समस्या समाधानको लागि स्थानीय सरकारलाई कुनै दुईओटा सुझावहरु दिनुहोस् ।

13. A bus driver is driving with a velocity of 25 m/s. He saw a child cycling towards him at a distance of 150 m. To protect the child driver applied brake to stop the bus at a distance of 100 m in 4 sec. Calculate the retardation of the car.

    एकजना बस चालकले 25 m/s को गतिमा बस हाँकिरहेको छ । उनले 150 m को

Symbol No: ...................... 2082-11-05 **07:00am**

उक्त बालकलाई बचाउन उलने बसको ब्रेक लगाए र बस 100 m को दुरीमा रोकियो । उक्त बसको रिटार्डेसन हिसाब गर्नुहोस् ।

14. What does the given figure represent? Explain.

दिइएको चित्रले के जनाउँछ ? व्याख्या गर्नुहोस् ।




15. Write any 2 differences between live wire and neutral wire.

लाइभ तार र न्युट्रल तारबिच कुनै दुईओटा फरकहरु लेख्नुहोस् ।

16. a) In which era did the animals shown evolve and extinct?

दिइएका जीवहरु कुन युगमा विकास भए र लोप भए ?



b) What is a major reason for their extinction?

यिनीहरुको लोप हुनाको मुख्य कारण लेख्नुहोस् ।

17. What are energy minerals? Write an example of it.

शक्ति खनिज भनको के हो ? कुनै एउटा उदाहरण दिनुहोस् ।

EDUCATENEPAL
www.educatenepal.com

## Group D

**Write the long answer of the following questions (4×4=16)**

18. Define artificial intelligence. How is use of AI beneficial for the students, businessman and teacher?

कृतिम बुद्धिमताको परिभाषा दिनुहोस् । कृतिम बुद्धिमता विद्यार्थी, व्यापारी र शिक्षकको लागि कसरी फाइदाजनक हुनसक्छ ?

19. A student performs an experiment to germinate 3 identical seeds by keeping them as shown in the figure.

एकजना विद्यार्थीले तीनओटा उस्तै किसिमका बिउहरु लिएर चित्रमा देखाएजस्तै गरि अंकुरणको प्रयोग गरे ।




a) Which seed will germinate fast and why?

यीमध्ये कुनचाहिँ बिउ छिटो उम्रन्छ र किन ?

b) What is the objective of carrying out this experiment?
यो प्रयोग गर्नुको उद्धेश्य के हो ?

c) What should we do for he germination of seed X?
बीउ X अंकुरण हुन के गर्नुपर्ला

20. a) Which method of heat transfer is shown in the figure below?
दिइएको चित्रमा ताप प्रसारणको कुन विधि देखाइएको छ ?

b) Does this method work in the space? Explain.
के यो विधिलेल अन्तरिक्षामा काम गर्छ ? व्याख्या गर्नुहोस् ।

c) Write any 2 uses of the method which works in the space in our daily life.
अन्तरिक्षामा ताप प्रसार हुने विधिको हाम्रो दैनिक जीवनमा कुनै दुई उपयोगिताहरु लेख्नुहोस् ।



21. Study the following table.
दिइएको तालिका अध्ययन गर्नुहोस् ।

| तत्वहरु Elements | इलेक्ट्रोन विन्यास Electron configuration |
|---|---|
| A | 2, 6 |
| B | 2,8,2 |

a) Write the molecular formula formed from the elements A and B (show the process).
A र B बाट बन्ने अणुको आणविक सुत्र लेख्नुहोस् । (प्रक्रिया समेत)

b) Calculate the molecular mass of the molecule thus formed.
यसरी बन्ने अणुको आणविक भार हिसाब गर्नुहोस् ।

EDUCATE NEPAL www.educatenepal.com

सङ्केताङ्क नं.(Symbol No.) ................................मिति: २०८२-११-०६ ७:०० बजे

# प्याब्सन काठमाडौं महानगर
# पूर्व आधारभूत शिक्षा परीक्षा-२०८२

**विषय: सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा** **पूर्णाङ्क : ५०**

**कक्षा: ८** **समय : २ घण्टा**

***दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :***

**सबै प्रश्नहरू अनिवार्य छन् ।**

## समूह 'क'

**तल दिइएका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस् ।** **(९×१=९)**

१. विकास पूर्वाधार भन्नाले के बुझिन्छ ?

२. पर्म परम्पराको कुनै एक महत्व लेख्नुहोस् ।

३. तपाईंले पालना गर्दै आउनु भएको दुईओटा आदर्श व्यवहार लेख्नुहोस् ।

४. नेपालको संविधान अनुसार प्रतिनिधि सभाको सदस्य हुनका लागि उमेर कति वर्ष पूरा भएको हुनुपर्छ ?

५. दाइजो प्रथा विरुद्ध एक चेतनामूलक नारा तयार पार्नुहोस् ।

६. व्यावहारिक शिक्षाले सामाजिक समस्या तथा विकृति निराकरणमा सहयोग पुऱ्याउँछ, कसरी ? आफ्नो धारणा एक वाक्यमा लेख्नुहोस् ।

७. नेपालमा व्यापार घाटा कम गर्न अपनाउनुपर्ने कुनै एक उपाय लेख्नुहोस् ।

८. तपाईंको परिवारले के कस्ता कार्यमा अनलाइन भुक्तानी गर्दै आउनुभएको छ कुनै दुईवटा कार्य लेख्नुहोस् ।

९. दुई देशबिचको सम्बन्ध अभिवृद्धि गर्न कुटनीतिंक नियोगको भूमिका किन महत्वपूर्ण हुन्छ, ? आफ्नो धारणा एक वाक्यमा लेख्नुहोस् ।

## समूह 'ख'

**तल दिइएका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।** **(७×३=२१)**

१०. सङ्घीय राज्यको महत्व शीर्षकमा वक्तृताको नमुना तयार गर्नुहोस् ।

११. नेपालको राष्ट्रिय गानले विविधतामा एकता ल्याउने प्रयास गरेको छ, कसरी ? आफ्नो धारणा तीन बुँदामा लेख्नुहोस् ।

१२. द्वन्द्व व्यवस्थापनमा मध्यस्थकर्ताको भूमिका कस्तो हुनुपर्दछ ? तीन बुँदामा प्रस्तुत गर्नुहोस् ।

१३. प्राचीन काठमाडौंको सामाजिक संरचना तीन बुँदामा लेख्नुहोस् ।

EDUCATENEPAL
www.educatenepal.com

# Class 8 Social Studies and Human Value Education Kathmandu Metro Pre-Basic Educa

मितिः २०८२-११-०६ **७:००बजे**

१४. पृथ्वीको दैनिक गति (परिभ्रमण)को तीन प्रभाव उल्लेख गर्नुहोस् ।

१५. राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको वृहत उमेर समुह अनुसार जनसङ्ख्या बनोटको अवस्था विश्लेषण गर्नुहोस् ।

१६. धेरैवटा देशमा नेपालको राजदूतावासहरु छन् । तपाइँ नेपालको प्रतिनिधित्व गर्दै कुनै देशको राजदुत हुनुभयो भने तपाइँले के कस्ता कार्य गर्नुहुन्थ्यो ? तीनवटा कार्य उल्लेख गर्नुहोस् ।

EDUCATENEPAL
www.educatenepal.com

## समूह 'ग'

**तल दिइएका प्रश्नको लामो उत्तर लेख्नुहोस् ।** (४×५=२०)

१७. संविधान सभाबाट निर्माण गरिएको संविधानमा जनताको अपनत्व रहन्छ, किन ? आफ्नो विचार पाँच बुँदामा प्रस्तुत गर्नुहोस् ।

१८. सिन्धु उपत्यकाको सभ्यताको सामाजिक तथा आर्थिक जनजीवन पाँच बुँदामा प्रस्तुत गर्नुहोस् ।

१९. नेपालको आर्थिक तथा सामाजिक विकासमा पर्यटन उद्योगको पाँचओटा महत्व प्रस्तुत गर्नुहोस् ।

२०. पृष्ठभरीको नेपालको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् । ३+२=५

चितवन राष्ट्रिय निकुञ्ज , सगरमाथा हिमाल

National Private and Boarding Schools Association Nepal

National PABSAN, Bhaktapur

**PRE BASIC LEVEL EXAMINATION - 2082**

**Class : EIGHT** **Time : 2 hrs** **F.M : 50**

**Subject : Compulsary Mathematics**

सबै प्रश्न अनिवार्य छन् । (Attempt all the questions)

1. यहाँ, समूह A र B लाई एउटा भेन चित्रमा देखाइएको छ । Here, sets A and B are shown in the Venn diagram.




   a) अनुपयुक्त उपसमूहलाई परिभाषित गर्नुहोस् Define improper subset. [1]

   b) समूह B को कुनै 2 वटा उपयुक्त उपसमूहहरु लेख्नुहोस् । Write any two proper subsets of set B. [1]

   c) समूह A बाट बढीमा कतिओटा उपसमूहहरु बनाउन सकिन्छ ? How many maximum number of subsets can be made from set A? [1]

2. एउटा पसलेले अंकित मुल्य रु. 30,000 भएको टेलिभिजनलाई 20 % छुटमा बेचेछ । (A shopkeeper marks a TV at Rs 30,000 and sold at 20% discount.

   a) विक्रय मुल्य (SP) लाई अंकित मूल्य (MP) र छुट प्रतिशत (D%) को रुपमा लेख्नुहोस् । (Write the selling price (SP) in terms of marked price (MP) and discount percent (D%).

   b) उक्त टेलिभिजनको छुट रकम पता लगाउनुहोस् । (Find the discount amount of that TV.) [1]

   c) उक्त टेलिभिजनमा 15% नाफा हुँदा क्रयमुल्य कति हुन्छ ? पता लगाउनुहोस् । (What is the cost price of TV, while there is 15% profit? Find it. [2]

EDUCATENEPAL
www.educatenepal.com

3. एउटा पानी ट्याङ्कीको कूल क्षमता 25000 लिटर रहेको छ । The total capacity of water tank is 25000 $l$.

   a) उक्त पानी ट्याङ्कीको क्षमतालाई वैज्ञानिक सङ्केतमा लेख्नुहोस् । Write the capacity of water tank in scientific notation.

   b) $0.\overline{25}$ लाई भिन्नमा रुपान्तरण गर्नुहोस् । (Convert $0.\overline{25}$ into fraction). [2]

# Pre-BLE Class 8 Compulsory Mathematics Exam Question Paper 2082 N-PABSAN Bhakta

c) 25 लाई द्विआधार संख्यामा पद्धतिमा रुपान्तर गर्नुहोस् । (Convert 25 into binary number system. [1]

d) उक्त पानी ट्याङ्कीमा रहेको पुरै पानी 50 वटा ससाना ट्याङ्कीमा बराबर राख्दा एउटा सानो ट्याङ्कीमा कति अटाउँछ ? If all the water in the water tank is divided into 50 small tanks, how much water will fit in one small tank?. [1]

4. रमेशले रु 55,000 रकम 2:3 को अनुपातमा नेपाल बैंक र बाणिज्य बैंकमा जम्मा गरेछन् । (Ramesh deposited Rs. 55000 in Nepal bank and Banijya bank in the ratio of 2:3.).

a) उनले वाणिज्य बैंकमा कति रकम जम्मा गरेछन् ? How much money had he deposited in the Banijya bank? [2]

b) यदि उनले नेपाल बैंकमा जम्मा गरेको रकमबाट वार्षिक 10% ब्याज पाउने भए भने २ वर्षमा कति ब्याज पाउँछन् ? (If he gets 10% interest per year on the amount deposited in Nepal Bank, how much interest will he get in 2 years?) [2]

c) x को मान कति हुंदा $x:5 = 2:3$ हुन्छ ?
(For, what value of x, $x:5 = 2:3$ hold? [1]

5. चित्रमा समलम्ब चर्तुभुज आकारको जग्गामा 1.4 m व्यास भएको इनार देखाइएको छ । (In the figure, a circular well having diameter 1.4m. is shown in the trapezium shaped land.)




a) वृत्तको क्षेत्रफल निकाल्ने सुत्र लेख्नुहोस् ।
(Write the formula to calculate the area of circle.) [1]

b) इनारको माथिल्लो वृताकार सतहको क्षेत्रफल निकाल्नुहोस।
(Find the area of the upper circular part of the well.) [1]

c) इनार बाहेकको जग्गाको क्षेत्रफल पता लगाउनुहोस् ।
(Find the area of land except the well.)

d) के इनारको आधारको अर्धव्यास दोब्बर गर्दा क्षेत्रफल पनि दोब्बर हुन्छ ? तर्कसहित पूष्टि गर्नुहोस् ।

EDUCATENEPAL www.educatenepal.com

(Does area double when radius of the base of the well is doubled? Verify with logic.) [1]

6. a) $(2x)^0$ को मान कति हुन्छ ? What is the value of $(2x)^0$? [1]

b) प्रमाणित गर्नुहोस् । Prove that:

$$(x^{a-b})^{a+b} \cdot (x^{b-c})^{b+c} \cdot (x^{c-a})^{c+a} = 1$$ [2]

7. a) म स पता लगाउनुहोस् । Find the H.C.F. of :
$x^2 - 5x - 6$ and $x^2 + 1$. [2]

b) x को मान कति भएमा $x^2 - 5x - 6$ को मान शुन्य हुन्छ ? At what value of x, the value of $x^2 - 5x - 6$ becomes zero? [2]

8. दुईवटा समीकरणहरु तल दिइएका छन् । (Two equations are given below.
$x + y = 5$ and $x - y = 3$.

a) दिइएका समीकरणको पद्वतिलाई के भनिन्छ? (What is the system of given equations called? [1]

b) लेखाचित्रको प्रयोग गरेर माथि दिइएको समीकरणहरुको हल गर्नुहोस् । (Solve the above equations by using graphical method.) [2]

9. सँगैको चित्रमा, AB र CD समानान्तर रेखाहरु छन् ।
In adjoining figure, AB and CD are parallel lines.




a) माथिको चित्रवाट, एक जोडा संगत कोणहरुको नाम लेख्नुहोस् । Write the name of pair of corresponding angles from figure. [1]

b) ∠BEF को मान पता लगाउनुहोस् । Find the value of ∠BEF. [2]

c) ∠BEP र ∠QFD को नाप तुलना गर्नुहोस् । Compare the measurement of ∠BEP and ∠QFD. [1]

EDUCATENEPAL www.educatenepal.com

10 a) नियमित टेसिलेसनमा कुन त्रिभुजको प्रयोग गरिन्छ ?लेख्नुहोस् । (Which triangle is used in regular tessellation? Write it.) [1]

b) AB = 8 cm, BC = 6 cm र $\angle BAC = 75^\circ$ भएको समानान्तर चर्तुभुज ABCD को रचना गर्नुहोस् । Construct a parallelogram ABCD having AB = 8 cm, BC = 6 cm and $\angle BAC = 75^\circ$. [3]

c) समानान्तर चर्तुभुज ABCD को विकर्ण BD खिच्नुहोस् र प्रमाणितं गर्नुहोस् : ΔABD ≅ ΔCBD. (Draw a diagonal BD in the parallelogram ABCD and prove that: ΔABD ≅ ΔCBD. [2]

11. a) उद्गम बिन्दु बाट बिन्दु B(3, - 4) सम्मको दुरी निकाल्नुहोस् । Find the distance of the point B(3, - 4) from the origin. [2]

b) समद्विबाहु त्रिभुजका आधारका कोणहरु बराबर हुन्छन भनि प्रयोगबाट सिद्ध गर्नुहोस् । (फरक फरक नापका दुईओटा त्रिभुजहरु आवश्यक छन् ।) Experimentally verify that the base angles of an isosceles triangle are equal. (Two triangles with different measurement are necessary.) [3]

12. एउटा परिवारको एक महिनाका खर्च विवरण यस प्रकार छ । (The monthly expenditure of a family is given below.)

| खर्च विवरण Expenditure | यातायात Transportation | शिक्षा Education | स्वास्थ्य Health | कपडा Cloths |
|---|---|---|---|---|
| रकम (Amount in Rs) | 1500 | 3000 | 2500 | 2000 |

a) माथिको तथ्याङ्कलाई वृत्तचित्रमा प्रस्तुत गर्नुहोस् । Present the above information in a pie chart. [2]

b) उक्त परिवारको औषत खर्च निकाल्नुहोस् । Find the average expenditure of the family. [1]

सिम्बोल नं. ..............

# भक्तपुर नगरपालिका

## आधारभूत तह परीक्षा-२०८२

कक्षा : ८ पूर्णाङ्क : ५०

विषय : सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा समय : २ घण्टा

---

### समूह 'क'

**अति छोटो उत्तर आउने प्रश्नहरू :** (९×१=९)

१) तपाईं बसोबास गर्ने प्रदेशको राजधानी कुन हो ?

२) गुठी परम्पराको एउटा महत्त्व लेख्नुहोस् ।

३) सम्पदा संरक्षण गर्न सहयोग पुऱ्याउने एउटा नारा लेख्नुहोस् ।

४) सुशासन भनेको के हो ?

५) कक्षाका साथीहरूबिच द्वन्द्व भए तपाईं कसरी व्यवस्थापन गर्नुहुन्छ ?

६) बौद्धिक पलायनको कारण देशले ठूलो नोक्सानी बेहोर्न बाध्य हुन्छ भन्ने विषयमा एक तर्क प्रस्तुत गर्नुहोस् ।

७) वैदेशिक व्यापार भनेको के हो ?

८) ए.टी.एम. कार्ड प्रयोग गर्दा ध्यान दिनु पर्ने दुईओटा कुराहरू लेख्नुहोस् ।

९) संयुक्त राष्ट्र सङ्घको सदस्यता प्राप्त गर्न आवश्यक एउटा प्रावधान लेख्नुहोस् ।

### समूह 'ख'

**छोटो उत्तर आउने प्रश्नहरू :** (७×३=२१)

१०) तपाईंको समुदायमा स्थानीय सरकारले गरेका राम्रा कार्यहरू बयान गर्दै बाहिरी जिल्लामा वस्ने साथीलाई इमेल लेख्नुहोस् ।

११) हेनरी ड्युना र मदर टेरेसाको योगदानबाट प्राप्त गर्न सकिने तीनओटा प्रेरणाहरू उल्लेख गर्नुहोस् ।

१२) भ्रष्टाचारले देशलाई पार्ने तीनओटा असरहरू उल्लेख गरी भ्रष्टाचार अन्त्य गर्न आवश्यक तीन ओटा कार्यहरू लेख्नुहोस् ।

१३) युरोपमा भएको पुनर्जागरणले ल्याएको तीनओटा परिवर्तनहरू लेख्नुहोस् ।

१४) जलवायु परिवर्तनका असरलाई कम गर्ने तीन उपायहरू लेख्नुहोस् ।

१५) वि.सं. २०८० सालमा भक्तपुर जिल्लाको कूल जनसङ्ख्या ५,००,००० थियो । यदि सो वर्षमा भक्तपुर जिल्लाबाट अन्य जिल्लाहरूमा १५,००० जना बसाइँ सरेर गए र ५०,००० जना अन्य जिल्लाबाट बसाइँ सरेर आए भने आप्रवास दर र उत्प्रवास दर निकाल्नुहोस् ।

# BLE Class 8 Social Studies and Human Value Education 2082 Exam Question Paper -

१६) संयुक्त राष्ट्र सङ्घमा नेपालले खेलेको भूमिका विषयमा दुई साथीहरूबिच भएको संवादको नमूना तयार पार्नुहोस् ।

## समूह 'ग'

**लामो उत्तर आउने प्रश्नहरू :** **(४×५=२०)**

१७) नेपालको संविधानमा राज्यलाई राज्यलाई समावेशी बनाउन व्यवस्था भएको पाँचओटा प्रावधानहरू लेख्नुहोस् ।

१८) किराँतकालीन सामाजिक अवस्था बयान गर्नुहोस् ।

१९) नेपालको वैदेशिक व्यापारका तीन वटा समस्याहरू र ती समस्या समाधानका दुईओटा उपायहरूको सूची बनाउनुहोस् ।

२०) नेपालको नक्सा निर्माण गरी दिइएका तथ्यहरूलाई उपयुक्त सङ्केतमा देखाउनुहोस् ।

मुक्तिनाथ मन्दिर

बाग्मती नदी

कञ्चनजङ्गा हिमाल

**सफलताको शुभकामना**

सिम्बोल नं. ................

# भक्तपुर नगरपालिका

## आधारभूत तह परीक्षा–२०८२

कक्षा : ८ पूर्णाङ्क : ५०

विषय : अनिवार्य नेपाली समय : २ घण्टा

*(विद्यार्थीले उत्तर दिँदा आफ्नै भाषाशैलीमा मौलिक र सिर्जनात्मक उत्तर दिने गर्नुपर्दछ ।)*

**१) दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् :** (२)

निडर, मापन, एकीकरण, शीघ्रतीशीघ्र, मिजास

क) डर नभएको ......

ख) छिटोभन्दा छिटो .....

ग) एउटै बनाउने काम .....

घ) शीलस्वभाव.....

**२) खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :** (२)

क) 'बगैंचा'को पर्यायवाची शब्द ......हो । (फूल, उद्यान, अरण्य)

ख) 'जीवन'को विपरीतार्थी शब्द ....हो । (जन्म, मरण, चरण)

ग) 'अन्न'को समावेश्य शब्द ..... हो । (अन्य, अनार, मकै )

घ) ........अनेकार्थी शब्द होइन । (थर, कर, दर )

**३) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** (२)

बाँदरको हातमा नरिवल, कपाकप

**४) शुद्ध शब्द छानेर लेख्नुहोस् :** (१)

अ) शहिद सहिद षहिद सहीद

आ) वहुवचन बहुवचन बहूवचन वहुवचन

**५) दिइएका वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** (२)

झ्यालबाट यक बोलाहटको आवाज आयो, भाजुलाल दाजू

**६) रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :** (२)

घरमा पुगेपछि ती दुई भाइले पोथी सिंहका अगाडि घटनाको सबै वृतान्त बताए ।

**७) दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँमा भर्नुहोस् :** (२)

क) निरज आफ्नो काम आफैं ..... । (गर्: सामान्य भविष्य )

ख) हरिश्चन्द्र राम्रो चित्र ...... । (बनाउः अज्ञात भूत)

ग) हामी असल नागरिक.....। (बन्: इच्छार्थ)

घ) भोलि ठूलो पानी ..... । (पर्: सम्भावनार्थ)

# BLE Class 8 Comp. Nepali 2082 Exam Question Paper - Bhaktapur Municipality

८) **दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** (३)

क) हामी विद्यालय जान्छौं । (तृतीय पुरूष )

ख) तिमी दाल, भात, तरकारी र अचार खाऊ । (अकरण )

ग) श्यामले घर गएर खाना खायो । (संयुक्त वाक्य)

९) **दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् :** (३)

प्रपन्नचार्यका आमाबुबाले फल्गुनन्दको प्रवचन हरसाल प्रत्यक्ष रूपमा पटकपटक सुनेका थिए । प्रपन्नचार्यले कडा अनुशासनका बिच आश्रमका नीतिनियम पालन गरेका थिए । मुन्धुमको महत्त्वका बारेमा पनि उनी जानकार हुँदै गए । खुला हृदयका साथ सामाजिक क्रियाकलापमा लाग्दा उनको दयालु स्वभाव देखेर सबै प्रसन्न थिए । उनलाई आ-आफ्नो तरिकाले सम्मान प्रकट गर्थे ।

**प्रश्नहरू**

क) अनुच्छेबाट उपसर्ग र प्रत्यय लागेर बनेका एक एक शब्द पहिचान गरी लेख्नुहोस् ।

ख) माथिको अनुच्छेबाट एउटा द्वित्व र एउटा समस्त शब्द पहचान गरी लेख्नुहोस् ।

ग) अनुच्छेदबाट रेखाङ्कित शब्दको कारक तथा विभक्ति पहिचान गरी लेख्नुहोस् ।

१०) **दिइएको गद्याशं पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** (४)

मानिस बुद्धिले बाँच्छ । मानिससँग सोच्ने मस्तिष्क र काम गर्ने हात छन् । मस्तिष्कले सुन्दर प्रकृतिका कल्पना गर्नुपर्दछ । मानवीय क्रियाकलाप वातवरणको रक्षामा केन्द्रित हुनुपर्छ, वैज्ञानिक चमत्कार र मानवीय उन्नति भित्र प्रकृतिको विनाश समेटिनु हुँदैन । प्राकृतिक श्रोतको परिचालन गर्दा आफ्नो खुट्टामा बञ्चरो हान्नु हुँदैन । मानिस कल्पनाशील प्राणी हो । उसले विकास, उन्नति, आविष्कार, रचना र सिर्जनाको रूपमा कल्पनालाई साकार पार्छ । कल्पना साकार पार्ने उद्देश्य पूर्ति गर्ने क्रममा प्रकृतिको विनाश गर्नुहुँदैन । मानवीय क्रियाकलापले वातावरण प्रतिकूल भए मानिस संकटको भुमरीमा फस्छ । जीवन सरल बनाउन उद्योगधन्दा स्थापना गर्छ । त्यसले वातावरणमा रहेका हावापानी र जमिन प्रदुषित बनाउँछ ।

**प्रश्नहरू**

क) मानिस कस्तो प्राणी हो ?

ख) मानिससँग केके छन् ?

ग) मानिसले के गर्नु हुँदैन ?

घ) मानिस कसरी संकटको भूमरीमा फस्छ ?

११) **दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिपोट गर्नुहोस् :** (४)

गोरखाका राजा पृथ्वीनाराण शाह आफ्नो राज्यको सिमाना बढाउन चाहन्थे । उनले कीर्तिपुरमाथि तेस्रो प्रयासमा विजय प्राप्त गरे । कीर्तिपुर विजय गरेपछि लुटिकोट र मुडिकोटका गाउँ जितेर उनले कान्तिपुरका राजा जयप्रकाश मल्लको दिमागमा खतराको घण्टी बजाइदिए । जयप्रकाश मल्लले एकदिन भक्तपुरका राजा रणजित मल्ल र ललितपुरका मन्त्रीलाई गुहेश्वरी

मन्दिरमा बोलाए । उनले मन्दिरको पूर्वपट्टिको पाटीमा बसेर यसरी बोलाउनुको कारण खोल्दै भने, 'गोरखाली राजाले कान्तिपुरमा आक्रमण गर्ने योजना बनाइरहेका छन् । तपाईहरूले मलाई सहयोग गर्नुपर्‍यो । तपाईंहरूलाई पर्दा म सहयोग गर्नेछु ।' लामो छलफलपछि सबैले धर्म भाके ।

**१२) कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** (३)

क) दिइएका बुँदाका आधारमा छोटो कथा तयार पारी उपयुक्त शीर्षक दिनुहोस् ।

कुनै गाउँमा धेरै किसानको बस्ती हुनु........ उनीहरूले धेरै अन्न उब्जाउनु ......... खेत नजिकैको जङ्गलमा परेवाको बथान बस्नु ...... परेवाले खेतबारीका किरा खानु ...... किसानको बाली सप्रिनु ......... परेवाको कामबाट किसान खुसी भई धान खान दिनु .....परेवाले किरा खान छाडी धान खान पल्कनु ..... धान खेतको धान सखाप पार्नु .... किसान रिसाउनु ..... जाल थापेर परेवा मार्नु ..... गुन गर्नेको बैगुन गर्न नहुने सन्देश ।

ख) 'बाल अधिकार' शीर्षकमा दुई जना साथीबिच हुने संवादको नमुना तयार पार्नुहोस् ।

**१३) कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** (३)

क) आफ्नो पढाइको बारेमा जानकारी दिँदै दाइलाई चिठी लेख्नुहोस् ।

ख) तपाईंको विद्यालयमा यस वर्ष आयोजना गर्न लागेको नाटक महोत्सवमा उपस्थित भइदिनुहुन अनुरोध गर्दै अभिभावकलाई लेखिने निमन्त्रणा पत्र तयार पार्नुहोस् ।

**१४) कुनै एकको भाव विस्तार गर्नुहोस् :** (३)

क) सगरमाथा आरोहण र जीवन् यात्रा उस्तै हो ।

ख) फर्क युवा हो फर्क
यो देशको इतिहास हामी आफैंले लेख्नुपर्छ ।

**१५) तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** (४)

प्रातः काल हिमाल हाँस्छ जसरी अस्तित्व फैलाउँदै
सारा चेतनशील जीवन जगत् ब्युँझन्छ जागा हुँदै
यो जागापन सिर्जनमुखी फैलाउँदै चेतना
हामी गर्न सकौं न जीवनमुखी साहित्यको सिर्जना

**प्रश्नहरू**

क) बिहानै हिमाल कसरी हाँस्छ ?

ख) चेतनशील प्राणीहरू कसरी जागा हुन्छन् ?

ग) जीवनमुखी साहित्यको सिर्जना कसरी गर्न सकिन्छ ?

घ) यस कवितांशको आशय के हो ?

**१६) कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** (५)

**क) तलको निबन्धांशको अंश पढी सोधिएको प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् ।**

हुन त म वा हामी जस्तै मानव नै बालबालिका, पुरूष, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएकाआदि अनेक किसिमबाट चिनिने गर्छौं । हामी सबैलाई मानव बारेमा धेरै नीतिका कुरा थाहा नहुन सक्छ । संयुक्त राष्ट्रसंघले मानव अधिकारका क्षेत्रमा विशेष अधिकार निर्धारण गरेको छ रे ।

**प्रश्न**

मानव अधिकारका विषय क्षेत्रको कसरी उपयोग भएको पाउनुभएको छ ? मानव अधिकार निबन्धका आधारमा उत्तर दिनुहोस् ।

**ख) दिएको कथांशको अंश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् ।**

जुजुलालको मानव देह चिताको खरानी भएर नाश भए पनि सङ्गमरमरको आकर्षक मूर्तिका रूपमा कृष्णावतार छोरो त कालान्तरसम्म संसारमा रहिरहला । अब़ यही मूर्ति भाजुलालको अमर पुत्र हुनेछ ।

**प्रश्न**

'अमर पुत्र कथाका आधारमा मानिस मरेर गए पनि कला अमर रहन्छ ।' भन्ने कुरालाई पुष्टि गरी समीक्षात्मक उत्तर दिनुहोस् ?

**१७) कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् ।** (५)

क) समाजसेवा

ख) मेरो कल्पनाको देश

ग) प्रविधियुक्त शिक्षाको आवश्यकता

**सफलताको शुभकामना**